का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २४६

❐ १० कात्तिक २०७८, बुधबार

❐ 27 October 2021, Wednesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।



*दाङको घोराही-१५, भरतपुरमा तिहारका लागि सयपत्री फूल टिप्दै महिला । तस्वीरः रञ्जिता अधिकारी, रासस*

चाडपर्वको बेला सवारी साधनमा भिडभाड नगरौं, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।

*दुर्घटनाबाट आफूपनि बचौं र अरूलाई पनि बचाऔं*

नेपाल सरकार
विज्ञापन बोर्ड

# सर्वोच्च संकट

## प्रन्या भन्छन्- राजीनामा दिन्नँ, कानूनी व्यवसायी- राजीनामा नभएसम्म बहस गर्दैनौं



> जो जो विवादमा छन्, सबैले दिने हो भने सोच्न सकिएला, होइन सडकमा माग गर्दैमा त राजीनामा दिन सकिन्नँ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

सर्वोच्च अदालतमा मंगलबार पनि कुनै सुनुवाइ हुन सकेन । प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि राजीनामाको दबाव बढ्दै गएपछि सुनुवाइ रोकिएको छ । सोमबार पनि सुनुवाइ हुन सकेको थिएन । मंगलबार सात वटा संयुक्त र एउटा एकल इजलास तोकिएको थियो । तर कुनैपनि सुनुवाइ हुन सकेन ।

सर्वोच्चका न्यायाधीशहरु, नेपाल बार एशोसियशन, नेपाल बार सल्लाहकार, सर्वोच्च अदालत सर्वोच्च बारले प्रन्या जबराको राजीनामा मागेका छन् । अधिवक्ताहरुले बहस नगर्ने अडान लिएपछि र न्यायाधीशहरु समेत इजलासमा बस्न तयार नभएपछि सुनुवाइ प्रभावित भएको हो । सोमबार पनि न्यायाधीशहरुसँग प्रन्या

> प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराले राजीनामा दिनुपर्ने दबाव र माग चर्को भइरहँदा सर्वोच्च अदालतको न्याय सम्पादन भने प्रभावित बनेको छ । तर प्रन्या जबराले भने राजीनामा नदिने बताएका छन् ।

जबरा छलफलमा बसेका थिए । सर्वोच्चका १४ न्यायाधीशले छलफलमा प्रन्या जबराले मार्ग प्रशस्त गर्नुपर्ने सुझाव दिएका थिए । तर प्रन्या जबरा राजीनामा दिन तयार भएनन् । न्यायाधीशहरु र अधिवक्ताहरुको माग बिपरीत प्रन्या जबराको अडान लिएपछि न्याय सम्पादन हुन सकेन ।

न्यायाधीशहरुलाई प्रन्या जबराले सडकमा माग्दैमा राजीनामा नदिने जवाफ दिएका छन् । सोमबारको फुल कोर्ट सर्वोच्चका १४ न्यायाधीशले बहिष्कार गरेका थिए । फुलकोर्ट बहिष्कार गरेका न्यायाधीशहरुले इजलासमा नबस्ने अडान लिएका छन् । न्यायाधीशहरुले प्रन्या जबराले न्यायिक मर्यादा र विश्वास कायम राख्न राजीनामा दिनु उचित हुने सुझाव दिएका छन् । तर कसैले मागेको भरमा राजीनामा नदिने बताएका बाँकी पृष्ठ २ मा

# डराएका दलहरू

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई राजीनामा दिन दबाव बढ्दै गएपछि सर्वोच्चमा सुनुवाइ रोकिइए पनि राजनीतिक दलका नेताहरुले भने यसबारे कुनै छलफल नभएको बताएका छन् ।





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ कात्तिक ।

सत्ता साझेदार दल नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरामाथि महाअभियोगबारे छलफल नभएको बताएका छन् । चितवन पुगेका प्रचण्डले महाअभियोगबारे छलफल नभएको बताएका हुन् । प्रन्या जबरालाई न्यायिक क्षेत्रका विभिन्न निकायले भने राजीनामा मागिरहेका छन् । प्रन्या जबराको राजीनामा माग भइरहेका बेला प्रचण्डले भने यसबारे कुनै छलफलन भएको बताए ।

"हिजो मात्र गठबन्धनका तीन वटा पार्टी बीच छलफल भयो । तर त्यस्तो छलफल भएको छैन । पाँच वटै दल जुटेर छलफल गर्ने भन्ने भएको छ", प्रचण्डले भने । प्रचण्डले न्यायलयको स्वतन्त्रता र गरिमामाथि आँच नआओस् भन्नेमा सचेत रहेको पनि बताए ।

सत्तारुढ साझेदार दलहरुसँग प्रधानन्यायाधीश जबराले कार्यकारी निकायमा भागबण्डा लिएको आरोप लागेको छ । गएको २२ असोजमा मन्त्रिपरिषद् बिस्तार गर्दा गैरसांसद गजेन्द्र हमाल उद्योग मन्त्री नियुक्त भएका थिए । गैरसांसद हमाल प्रन्या जबराको नातेदार रहेको र प्रन्याको भागमा उनी मन्त्री बनेको आरोप लागेको छ ।

त्यो सहित अन्य निर्णयले न्यायलयको गरिमा र विश्वास गुम्ने भन्दै प्रन्या जबराको राजीनामा माग भइरहेको छ । सर्वोच्च अदालतका १४ न्यायाधीश सोमबार देखि नै इजलासमा बसेका छैनन् । न्यायाधीशहरुले प्रन्या जबराले मार्गप्रशस्त गरिदिनुपर्ने सुझाव दिएका छन् ।

नेपाल बार र सर्वोच्च बारले पनि प्रन्या जबराको राजीनामा मागेका बाँकी पृष्ठ २ मा

# अन्ततः खुल्यो मलेसिया रोजगारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ कात्तिक

वैदेशिक रोजगारीका लागि मलेसिया खुला भएको छ । कोरोना भाइरस महामारीका कारण मलेसियाले विदेशी कामदारको प्रवेशमा लगाएको प्रतिबन्ध हटाइएको नेपालस्थित मलेसियाको दूतावासले विज्ञप्तिमार्फत जानकारी दिएको छ । मलेसिया प्रवेशका लागि पिसिआर नेगेटिभ रिपोर्ट अनिवार्य गरिएको छ भने मलेसिया पुगेपछि तोकिएको स्वास्थ्य मापदण्ड पालना गरी क्वारेन्टाइनमा बस्नुपर्ने छ । दुतावासले



मलेसिया जाँदा विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मान्यता दिएको खोपको पूरा मात्रा लगाएको हुनुपर्ने शर्त राखेको छ । नेपाली कामदारको प्रमुख गन्तव्य मुलुक रहँदै आएको मलेसियामा हाल एक लाख असी हजारको हाराहारीमा नेपाली कामदार कार्यरत रहेका छन् । नेपालमा सञ्चालनमा रहेका मध्ये आधाभन्दा बढी म्यानपावर कम्पनीले मलेसिया कामदार पठाउने गरेका छन् । हाल बन्द प्रायः रहेका म्यानपावर कम्पनी मलेसिया खुलेसंगै सक्रिय देखिन थालेका छन् ।

## वैदेशिक रोजगार विशेष

## साउदीमा विदेशी कामदारका लागि नयाँ प्रावधान



आबुधावी डायलगको मन्त्रिस्तरीय बैठकमा भाग लिदै श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्णकुमार श्रेष्ठलगायतको नेपाली टोली ।

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि साउदी अरब गएका विदेशी कामदारले एक वर्षको अवधि नपुग्दै शर्तसहित रोजगारदाता परिवर्तन गर्न पाउने भएका छन् । यसअघि वैदेशिक रोजगारीमा गएको मितिदेखि हालको रोजगारदातासँग कम्तिमा १२ महिना बिताएपछि मात्रै विदेशी कामदारले आफ्नो सेवा अर्को रोजगारदातालाई हस्तान्तरण गर्न सक्ने व्यवस्था थियो । बाँकी पृष्ठ २ मा

## मृतक कामदारको बीमा परिवारको खातामै

**काठमाडौं/मस-** वैदेशिक रोजगार बोर्डले बीमाको रकम मृतक कामदारको परिवारको बैंक खातामा पठाउने व्यवस्था गर्न लागिएको बताएको छ । मृतकको आश्रित परिवारलाई बोर्डले प्रदान गर्ने आर्थिक सहायता रकम आश्रित परिवारको बैंक खातामा पठाउने भएपनि बीमाको रकम लिन काठमाडौं नै धाउनु पर्ने बाध्यता थियो ।

बोर्डले बीमाको रकम पनि बोर्डको आर्थिक सहायता पठाइने खातामा नै पठाउने गरी तयारी अघि बढाएको बोर्डका कार्यकारी निर्देशक राजन प्रसाद बाँकी पृष्ठ २ मा

# २० युनिटसम्म निशुल्क बिजुली

**राजेश केसी/मध्यान्ह**
काठमाडौं ९ कात्तिक ।

विद्युत नियमन आयोगको सिफारिसमा सरकारले साना उपभोक्तालाई राहत दिने गरि विद्युत महसुल घटाएको छ । सोमबार बसेको आयोगको बैठकले मासिक २० युटिनसम्म विद्युत खपत गर्ने उपभोक्तासँग कुनै शुल्क नलिने निर्णय गरेको हो ।

यो निर्णय आउँदो मंसिर १ गतेपछि कार्यान्वयनमा आउने आयोगका अधिकारीहरुले जानकारी दिएका छन् । यसबाट करिब करिब २२ लाख उपभोक्ता प्रत्यक्ष रुपमा लाभान्वित हुने बताइएको छ ।

विद्युत नियमन आयोगको सिफारिसमा उर्जा मन्त्री पम्फा भुषालको मन्त्री स्तरिय निर्णयबाट विद्युत छुटको निर्णय गरिए पनि अहिलेसम्म त्यसबारे विद्युत प्राधिकरणलाई औपचारिकरुपमा जानकारी भने गराइएको छैन । औपचारिक रुपमा त्यसबारे जानकारी पाएपछि सञ्चालक समितिलाई जानकारी गराएर कार्यान्वयनमा जाने तयारीमा आफूहरुको रहेको प्राधिकरणका अधिकारीहरुले जानकारी दिए । विद्युत् प्राधिकरण ऐनमा सरकारको निर्देशन पालनाबाट प्राधिकरणलाई कुनै घाटा भए त्यसबापतको रकम प्राधिकरणलाई सरकारले क्षतिपूर्तिका रूपमा दिनुपर्ने प्रावधान छ ।

ग्रामीण क्षेत्रका गरिब र निमुखा परिवारलाई लक्षित गरेर यो निर्णय गरिएको भए पनि यसप्रति शहरी क्षेत्रका मध्यम वर्गिय उपभोक्ता पनि आकर्षित हुन सक्ने आयोगका अधिकारीहरुको अनुमान छ । त्यसबाट विद्युतको माग घट्न सक्ने र वैकल्पिक उर्जाको माग बढ्न सक्ने विश्लेषण उनीहरुको छ । 'आजसम्म जस्ले ४०/५० युनिट विजुली खपत गर्दथ्यो, अब उसले छुट पाउने लोभमा विद्युत खपतलाई सिमित गरेर २० युनिट मात्रै उपयोग गर्ने प्रयास गर्न सक्छ । सके त्यतिले नै पुर्‍याउने र नसके सोलार लगायत वैकल्पिक उर्जा प्रयोग गर्न थाल्छ । वैकल्पिक उर्जा जडानमा पनि ठूलो छुट भएकोले त्यसतर्फको आकर्षण स्वतः बढ्न सक्ने देखिएको छ', आयोगका एक पदाधिकारीले मध्यान्ह दैनिकसँग भने ।

यसअघि १० युनिटसम्म विद्युत उपयोग गर्ने घरायसी वर्गका ५ एम्पियर मार्फत् लाइन लिने उपभोक्तालाई न्यूनतम शुल्क निःशुल्क रहेको थियो । सरकारको यो निर्णयबाट भाडामा बसेर न्यूनतम २० युनिट भन्दा कम विद्युत खपत गर्ने उपभोक्ताले भने कुनै छुट पाउने छैनन् । कुनै घरको कोठा वा फ्लाटमा वस्ने उपभोक्ताले थोरै विद्युत खपत गरे पनि समग्रमा एउटा मिटरबाट कति विद्युत खपत हुन्छ भन्ने आधारमा विश्लेषण गरिने भएकोले भाडामा वस्ने उपभोक्ताले थोरै विद्युत खपत गरे पनि छुट नपाउने भएका हुन् ।

## सर्वोच्च....

छन् । "जो जो विवादमा छन्, सबैले दिने हो भने सोच्न सकिएला, होइन सडकमा माग गर्दैमा त राजीनामा दिन सकिन्नँ", प्रन्या जबराको भनाइ थियो । संवैधानिक प्रक्रियाबाट आएकाले संवैधानिक प्रक्रिया अनुसार नै बाहिरिने उनको अडान थियो । प्रन्या जबराले आफूलाई जस्तै अरु न्यायाधीशहरुलाई पनि आरोप लागेको बताएका थिए । उल्टै प्रन्या जबराले भनेका थिए, "बजारमा त तपाईंहरुलाई पनि आरोप लागेको छ । राजीनामा दिने ?"

राजीनामाको माग सहित कानून व्यावसायीहरु आन्दोलनमा उत्रने तयारी भएपछि प्रन्या जबराले लगातार भेटवार्ता र छलफल गरिरहेका छन् । आइतबार प्रन्या जबराले नेपाल बार एशोसियशनसँग छलफल गरेका थिए । त्यसबेला प्रन्या जबराले गोलाप्रथाबाट इजलास तोक्ने प्रतिबद्धता जनाएका थिए ।

लगत्तै प्रन्या जबराले फुल कोर्टको बैठक बोलाएका थिए । सोमबार बोलाइएको फुल कोर्टमा बरिष्ठ अधिबक्ताको उपाधि वितरण र न्यायिक सुधारबारे छलफल हुने मेमो पठाएका थिए । तर नेपाल बारका पदाधिकारी सहित १४ न्यायाधीश बोलाइएपनि न्यायाधीशहरु फुलकोर्ट गएनन् ।

उल्टै, प्रन्या जबराले राजीनामा दिएर न्यायिक विश्वास कायम गरिनुपर्ने निष्कर्षमा पुगेका छन् । मंगलबार न्यायाधीशहरुसँग प्रन्या जबराले छलफल गरेपनि निकास भने निस्किएन । प्रन्या जबराले राजीनामा नदिने अडान लिएपनि उनीमाथि दबाव बढेको छ । चार पूर्व प्रधानन्यायाधीशहरुले सोमबार नै बक्तव्य सार्वजनिक गरेर राजीनामा दिन सुझाव दिएका थिए । मंगलबार बसेको नेपाल बार एशोसियशन सल्लाहकार समितिको बैठकले पनि प्रन्या जबराले राजीनामा नदिएसम्म बहस नगर्ने निर्णय गरेको छ । प्रन्या जबराले राजीनामा दिनुपर्नेमा बरिष्ठ कानून व्यवसायीहरु एक देखिएका छन् । बैठकपछि बरिष्ठ अधिबक्ता शम्भु थापाले प्रन्या जबराले राजीनामा नदिए न्याय सम्पादन अझ क्षतिविक्षत हुने बताए । प्रन्या जबरा रहेसम्म बहस नगर्ने र न्याय प्रशासन नचल्नुको जिम्मा प्रन्याले नै लिनुपर्ने थापाले बताए ।

२२ असोजमा मन्त्रिपरिषद् बिस्तार हुँदा प्रन्या जबराले कोटा लिएपछि उनको राजीनामा माग शुरु भएको हो । गैरसांसद गजेन्द्र हमाललाई प्रन्याको कोटामा प्रधानमन्त्री शेरबहादुर देउवाले उद्योग मन्त्री नियुक्त गरेका थिए । तर चर्को विरोध भएपछि हमालले तीन दिनभित्रै राजीनामा दिए ।

लगाउनेबारे छलफल नभएको बताए । बरु, प्रन्या जबरालाई जोगाउनेगरी प्रमुख विपक्षी दल नेकपा एमालेका नेताहरुले अभिव्यक्ति दिइरहेका छन् । किनकि एमालेले प्रन्या जबरालाई न्यायलयमाथि आँच आउने गतिविधि गरेको नभएर प्रतिनिधिसभा पुनर्स्थापनाको फैसला गर्ने न्यायाधीशहरुले राजीनामा दिनुपर्ने अडान लिएको छ ।

मंगलबार पालिका अधिवेशन उद्घाटन गर्दै अध्यक्ष केपी शर्मा ओलीले परमादेश दिने सबै न्यायाधीशले राजीनामा दिनुपर्ने बताएका छन् । अर्थात् संसद् बचाउने निर्णय गर्ने न्यायाधीशहरुको राजीनामा मागेर प्रन्या जबराको मुद्दा ओझेलमा पार्ने प्रयास ओलीले गरेका छन् । यसअघि प्रन्या जबराले ओली नेतृत्वको सरकारसँग पनि संवैधानिक नियुक्तिमा भागबण्डा लिएका थिए । संवैधानिक परिषद् सम्बन्धी अध्यादेश ल्याएर गरिएको सिफारिसमा ओलीलाई प्रन्या जबराले सहयोग गरेका थिए । उक्त नियुक्तप्रति प्रन्या जबरासहितलाई विपक्षी बनाएर दायर रिटमाथि सुनुवाई दश महिनासम्म हुन सकेको छैन । संवैधानिक इजलास गठनमै विवाद भएपछि उक्त मुद्दामा सुनुवाई रोकिएको हो । पहिले ओलीसँग भागबण्डा लिएका प्रधानन्यायाधीश जबराले पाँच दलीय गठबन्धनसँग पनि भागबण्डा लिएको आरोप लागेको छ ।

## डराएका....

छन् । बारको सल्लाहकार समितिले प्रन्या जबराले राजीनामा नगरेसम्म बहस नगर्ने, बरु देशभर आन्दोलन गर्ने चेतावनी दिएका छन् । तर सत्ता साझेदार नेता प्रचण्डले प्रन्यालाई महाअभियोग

## साउदीमा....

अब रोजगारीका लागि उक्त मुलुक गएका विदेशी कामदारले एक वर्षको समयावधिको पर्खाइ नगरी अर्को रोजगारदाता परिवर्तन गर्न सक्ने छन् । त्यसको लागि केही शर्त बन्देज भने लगाइएको छ ।

नयाँ व्यवस्था अनुसार रोजगारदाताले हालको रोजगारदाताको स्वीकृति पाएको अवस्थामा कुनै निश्चित अवधि नदिई आफ्नो सेवा अर्को रोजगारदातालाई हस्तान्तरण गर्न सक्नेछन् । परिमार्जित व्यवस्थाले निजी क्षेत्रका लागि साउदीकरण (निताकत) कार्यक्रममा तोकिएका शर्तहरूको उल्लंघन नहुने गरी रोजगारदाता परिवर्तन गर्न पाइने छ । यसैबीच साउदी सरकारले २७ ट्रिलियन साउदी रियाल विभिन्न क्षेत्रमा लगानी गर्ने बताएको छ । साउदीले २०३० सम्म स्थानीय अर्थतन्त्रलाई उकास्न १२ ट्रिलियन साउदी रियाल लगानी गर्ने बताएको छ ।

यसमा सरकारी खर्चबाट १० वर्षमा १० ट्रिलियन रियाल प्राप्त गर्ने र ५ ट्रिलियन रियाल निजी उपभोग्य खर्चबाट उठाउने सरकारी योजना छ । यसले उक्त मुलुकमा बृहत रूपमा रोजगारी वृद्धिको सम्भावना बढेको स्थानीय सञ्चार माध्यामहरुले उल्लेख गरेका छन् ।

## मृतक...

श्रेष्ठले बताएका छन् । वैदेशिक रोजगार ऐन अनुसार करार अवधि भित्र वा करार नाघेको एक वर्षभित्र वैदेशिक रोजगारमा गएको कामदारको श्रमिकको मृत्यु भएमा बोर्डले सात लाख रुपैयाँ पठाउने गरेको छ । बोर्डले बीमा रकम पठाउने विषयमा बीमा समिति, वैदेशिक रोजगारीमा जाने कामदारको म्यादी बीमा गर्ने बीमा कम्पनी लगायतसँग छलफल गरिरहेको र बीमा कम्पनीहरूले बोर्डले रकम पठाउने खातामा नै बीमा रकम पठाउन सहमति जनाएको बताइएको छ ।

## तेमाल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक
### वागमती प्रदेश, नेपाल

### सुरक्षा गार्ड (पाले) पदका लागि दरखास्त आवह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०७/१०**

यस कार्यालयमा सुरक्षा गार्ड (पाले) पदमा सेवा करारबाट पदपुर्ती गर्नुपर्ने भएकोले तपशिल बमोजिमका योग्यता भएका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा दरखास्त दिनुहुन आह्वान गरिएको छ ।

**तपशिलः**

| विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|
| ५/०७८/०७९ | सुरक्षा गार्ड (पाले) | २ |

**शैक्षिक योग्यताः** साधारण लेखपढ

**उमेरः** १८ वर्ष पुगेको ४५ वर्ष ननाघेको

**छनोट विधिः** अन्तर्वार्ता

**तलब तथा अन्य सुविधाः** प्रचलित कानून बमोजिम ।

**दरखास्त पाइने स्थानः** तेमाल गाउँपालिकाको कार्यालय

**काम गर्ने स्थानः** तेमाल गाउँपालिकाको कार्यालय

**दरखास्त दस्तुरः** रु ५००/-

**सम्पर्क मितिः** २०७८/०७/२५

**नोटः**

१. दरखास्त फारम साथमा नेपाली नागरिकताको प्रमाण-पत्र
२. सुरक्षा गार्ड (पाले) आफ्नो पालो मिलाई १२/१२ घण्टा काम गर्नपर्नेछ । भुपु सैनिक, भुपु सशस्त्र प्रहरी तथा भुपु प्रहरीलाई विशेष प्राथमिकता दिईनेछ ।
३. स्थानीयलाई विशेष प्राथमिकता दिईनेछ ।
४. रित नपुगेका र दस्खास्त नबुझाएका उम्मेदवारहरुले दरखास्त खारेज गरिनेछ ।

**केदार प्रसाद ढकाल**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

## तेमाल गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### पोखरी नारायणस्थान, काभ्रेपलाञ्चोक
### वागमती प्रदेश, नेपाल

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः२०७८/०७/१०**

प्रस्तुत विषयमा यस तेमाल गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०४/०७८/०७९ | प्राविधिक सहायक | पाँचौ | १ |

१. **आवश्यक न्युनतम योग्यता र अनुभवः**
   क) सिभिल इन्जिनियरङमा प्रविणता प्रमाण पत्र वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको
   ख) अनुभव र सीपः प्राविधिक सहायक देहायका अनुभव र सीप आवश्यक पर्नेछः
   - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको
   - पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित काम्तीमा ५ महिनाको अनुभव भएको ।

   ग) उमेरः कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

२. **दरखास्त दिने स्थानः** तेमाल गाउँकार्यपालिकाको कार्यालय, पोखरीनारायणस्थान
३. **दरखास्त दिने अन्तिम मितिः** २०७८/०७/२२
४. **आवेदनको दस्तुरः** रु ४००/-
५. **छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा
६. **आवेदन साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्र
   - अनुभव खोल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो
७. **सेवा सुविधाः** प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा ११, १२ र १३ बमोजिम हुनेछ ।
८. **पदले सम्पादित गर्नुपर्ने कार्यविवरणः** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रक्रिया को दफा ९ बमोजिम हुनेछ ।

**नोटः** आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ ।

**केदार प्रसाद ढकाल**
**नि. प्रमुख प्रशासकीय अधिकृत**


## भुल सुधार

यस प्रा.लि. को मिति २०७८/०७/०८ गतेको मध्यान्ह दैनिकमा प्रकाशित कतारमा बैदेशिक रोजगारको अवसर शिर्षकको Central Project Engineering Services and Trading Co. कम्पनीको विज्ञापनमा अन्तरवार्ता मिती २०७८ कर्तिक १६ गते (2 November 2021) मेनपावर कार्यालय लाजिम्पाटमा हुनु पर्नेमा अन्यथा भएकोले यसै सूचनाबाट सच्याईएको व्यहोरा जानकारी गराइन्छ ।

**रोयल ओभरसिज नेपाल प्रा.लि.**
लाजिम्पाट काठमाण्डौ
फोन नं.:-०१-४४२११५६/४४३२२४४

## भूल सुधार

मिति २०७८/०७/०९ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित ओमानमा रोजगार शिर्षक, पूर्व स्वीकृत मितिः २०७८/०७/०८, चलानी नं.: ६०१६६२०१ र LT. No.: 249196 को विज्ञापनमा अन्तर्वाता काठमाडौंमा हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**डि. प्रोटोन म्यानपावर सप्लायर्स**



## Saudi मा रोजगार

### 1. First Golden Solutions Company For Logistics Service

पूर्व स्वीकृती मितिः २०७८/०७/०९ चलानी नं. ६०१६६३०१ LT No. : 249323

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Normal Factor | 07 | काममा दक्ष | 1000 | ३१,४७०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | Forklift Drive | 01 | | 2000 | ६२,९४०।- | | | | | | | |
| ३. | Carpenter Furniture | 01 | | 1200 | ३७,७६४।- | | | | | | | |
| ४. | Furniture Upholster | 01 | | 1500 | ४७,२०५।- | | | | | | | |

### 2. Ahmad Al-suhaibani Farm

पूर्व स्वीकृती मितिः २०७८/०७/०९ चलानी नं. ६०१६६३०२ LT No. : 249322

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factor | 04 | साधारण | 1000 | ३१,४७०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००।- कामदार आफैले |

**अन्तरवार्ता २०७८ कातिक १७ गते (3 Nov. 2021) यस प्रा. लि. को कार्यालय चाकुपाट, ललितपुरमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.**
श्रम इजाजत नं.: ११३/०५५/०५६
चाकुपाट, ललितपुर, नेपाल, फोनः ५२६०३२६, ९८०१२३२४१०



## साउदीमा रोजगार

### १. कम्पनीः ABDULLAH IBRAHIM AL JAAFARI FACTORY FOR CEMENT PRODUCT
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३८ L.T. No.: 247509

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### २. कम्पनीः AL MAZEED TRANSPORTATION CORPORATION
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३५ L.T. No.: 248552

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### ३. कम्पनीः BANDAR BIN NASHI BIN FALIH AL -OTAIBI INDUSTRIAL FACTORY SAUDI
शहरः AL -DAWADMI

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३७ L.T. No.: 247622

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 9 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### ४. कम्पनीः ALAM DEVELOPMENT AND EXPRESS SERVICE EQUIPMENT RENTAL COMPANY
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३२८ L.T. No.: 248920

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### ५. कम्पनीः COLD VISION SHOP FOR REFRIGERATION AND AIR CONDITIONING
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३२९ L.T. No.: 248918

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electronic Cooling and Air Conditioning | 2 | 0 | स. काममा दक्ष | 2200 | ७०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### ६. कम्पनीः GEOTECHNICAL TESTING CENTER
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३२७ L.T. No.: 248922

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 2 | 0 | | 1800 | ५७,५१० | | | | | | | |

### ७. कम्पनीः HUSSAIN H. AL SINAN EST FOR GENERAL CONTRACTING
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३० L.T. No.: 248917

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 9 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Diesel engine mechan | 1 | 0 | | 2200 | ७०,२९० | | | | | | | |

### ८. कम्पनीः LAUNDRIES ARTS LAUNDRY FOR LAONDRY
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३९ L.T. No.: 248554

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### ९. कम्पनीः SAHM AL JABAL MAINTENANCE EST
शहरः HAIL

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३३ L.T. No.: 248555

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### १०. कम्पनीः SALEM BALHAMER COMPANY FOR GENERAL CONTRACTING LTD.
शहरःDAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३६ L.T. No.: 247732

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Plumber | 1 | 0 | | 1300 | ४१,५३५ | | | | | | | |

### ११. कम्पनीः SULTAN FAHAD AL AZMI CONTRACTING EST.
शहरः RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३४ L.T. No.: 248553

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Building Cleaning Worker | 10 | 0 | | 1000 | ३१,९५० | | | | | | | |

### १२. कम्पनीः PASTRY HUT RESTURENT FOR PROVIDING MEALS
शहरः JUBAIL

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३४० L.T. No.: 249299

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restauratn Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

### १३. कम्पनीः WISSAM GULF COMPANY LIMITED
शहरः DAMMAM

पूर्व स्वीकृत मितिः २०७८/०७/०९ चलानी नं.: ६०१६६३३२ L.T. No.: 248915

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ कात्तिक १७ गते (3 November 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
कालिमाटीडोल, एयरपोर्टको नजिक, काठमाडौं, नेपाल फोन नं. ४४७६११४, ४४७६११७
Mobile : 9801030555, 9843276628
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

# वर्षाले बाटो भत्किएसँगै खल्ला मुसेट्टीमा यातायात अबरुद्ध

गोमती पाल/मध्यान्ह
महेन्द्रनगर, ९ कात्तिक



सुर्खेतको भीमदत्त नगरपालिका-९ को खल्ला, टुँडीखेल र मुसेट्टीसम्मको बाटो भत्किएर यातायात अबरुद्ध भएको छ। केही दिन अघि आएको बेमौसमी वर्षाले बाटो भत्काएको हो। बाटो भत्किएपछि स्थानीयलाई पैदल हिँड्न समेत असहज भएको छ।

सार्वजनिक सवारी र अटो पूर्ण रुपमा बन्द भएका छन्।

स्थानीयले भत्किएको बाटोमा जोखिम मोलेर मोटरसाइकल चलाउने गरेका छन्। ब्रह्मदेवको भिमरीगाडदेखि खल्लासम्म महाकाली नदीको भँगालोमा आएको बाढीले बाटो भत्काएको छ। केही स्थानमा भने बाटो भाँसिएको छ।

जंगलबाट आएको पहिरो समेत बाटोमा थुप्रिएपछि बाटो अबरुद्ध भएको हो। मुसेट्टी क्षेत्रमा पनि पहिराले बाटो भत्किएको छ। मुसेट्टी खोला आशपासका क्षेत्रमा पहिरो गएको छ। केही स्थानमा बाटोमा रुख र विजुलीका खम्बा ढलेका छन् भने तारहरु भुईमा खसेका छन्। खल्लाका नारद सिंह मडैले वर्षापछि खल्ला, टुँडिखेल र मुसेट्टी बाटो, विद्युत, टेलिफोन सबै बन्द भएको बताए।

'वर्षाले केही बाँकी राखेन, अहिले त ब्रह्मदेव सम्म हिँडेर जान पनि समस्या छ' उनले भने,'सबै कुरा अवरुद्ध छन्, जनता मारमा छन।' खल्ला र मुसेट्टीमा महाकाली नदीको बाढीले एक दर्जन परिवार घरबार विहीन भएका छन्।

खल्लाको मुसेट्टीमा पाँच परिवारको घर बाढीले बगाएको छ। अन्य ४५ परिवार बाढीको उच्च जोखिममा रहेका छन्। मुसेट्टीका ६ परिवार घरबार बिहीन हुन पुगेका छन्। उनीहरुमध्ये घर बगाएका र भत्काएका दुई परिवार छिमेकीको घरमा आश्रय लिएर बसेका छन्। 'यो बाढीले शरिरमा लगाउन कपडा पनि बाँकी राखेन, मैले अर्कासित मागेर यो कपडा लाएको छु' खल्लाका स्थानीय उत्तम प्रसाद पन्तले भने। स्थानीय तह निर्वाचनपछि खल्ला, टुँडिखेल र मुसेट्टीमा गाडी चल्ने बाटो निर्माण गरिएको हो। भीमदत्त नगरपालिकाले बाटो बनाएपछि गाउँमा सार्वजनिक सवारी सञ्चालन गरिएका हुन्।

अहिले ब्रह्मदेव टुँडिखेल सञ्चालन हुने गाडी टुँडिखेलमा राखिएको छ। बाटो बनेपछि स्थानीयले ब्रह्मदेवसम्म सार्वजनिक सवारीमा यात्रा र तरकारी, फलफूलसहित दैनिक उपभोग्य वस्तु लगायतका समान ओसारपसार गर्दै आएका थिए।

गाडि चल्न छाडेपछि केहीले बोकेर ब्रह्मदेवसम्म आफ्ना उत्पादन पर्याउने गरेका छन्। भीमदत्त नगरपालिका-९ का अध्यक्ष राम नाथले बाटो बन्द भएपछि पैदल हिँड्न र बोकेर समान ब्रह्मदेवसम्म पुर्याउन बाहेक अन्य विकल्प नभएको बताए।

'यो विकट वस्तीमा हिँडेर आउनु र पिठ्युमा बोक्न बाहेक अरु कुनै विकल्प छैन' उनले भने,'वर्षाले बस्तीमा बेहाल बनाइदियो।' वर्षाले भत्किएको बाटो पुनः मर्मत गरी सञ्चालनका लागि कार्य थालिएको अध्यक्ष नाथले बताए। 'वडा कार्यालयले भीमदत्त नगरपालिकालाई आग्रह गरेको छ, त्यस अनुसार मर्मत कार्य थालिएको छ,' उनले भने।

भिमरीगाडदेखि खल्लासम्मको बाटो भत्किएपछि कात्तिक २ गते मुसेट्टीमा बाढीमा फसेका स्थानीयको उद्धारका लागि गएको सरकारी टोली फर्किएको थियो। बाटोले मुसेट्टी पुग्न नसकिने अवस्था देखिएपछि सैनिक हेलिकोप्टरबाट सरकारी अधिकारी त्यहाँ पुगेका थिए। संघीय सांसद डा.दिपक प्रकाश भट्ट, निरुदेवी पाल र भीमदत्त नगरपालिका मेयर सुरेन्द्र विष्ट ब्रह्मदेबबाट पैदल हिँडेर मुसेट्टी पुगेका छन्। उनीहरुले पीडित वासिन्दालाई भेटेर क्षति सम्बन्धी जानकारी लिएका छन्।

# रौतहटमा ७ जना पत्रकार सम्मानित



इसत्याक अहमद/मध्यान्ह
रौतहट, ९ कात्तिक

रौतहटमा ७ जना पत्रकार सम्मानित भएका छन्। सदरमुकाम गौरस्थित उद्योग वाणिज्य महासंघको सभा हलमा आयोजित एक कार्यक्रमबीच ७ जना पत्रकारलाई सम्मान गरिएको हो। नेपाल पत्रकार महासंघ रौतहट शाखा, गैरसरकारी संस्था आरडिसी इश्लामिक रिलिफ नेपाल र इशलामिक रिलिफ क्यानाडाद्वारा संयुक्त रुपमा आयोजित कार्यक्रममा पत्रकार संजय मिश्रा, प्रभात कुमार झा, शिव पुरी, शैलेन्द्र झा, फणिन्द्र महत, राकेश यादव र बिणा राउत सम्मानित भएका छन्।

पत्रकार सम्मान कार्यक्रमका प्रमुख अतिथि नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव गोविन्द चौलागाईं र विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी कृष्ण बहादुर शाहीले महिलाहिंसाविरुद्ध तथा बालबालिका संरक्षणमा कलम चलाएको मुल्यांकनको आधारमा पत्रकारलाई ५ हजार नगद र प्रमाणपत्रसहित दोसाला ओढाएर सम्मान गरेको थियो।

कार्यक्रममा पत्रकार महासंघका केन्द्रीय सचिव चौलागाईं, प्रदेश कमिटी सदस्य शैलेन्द्र झा, नेपाल पत्रकार महासंघ रौतहट शाखा अध्यक्ष प्रेमचन्द्र झा, सचिव मदन ठाकुर, प्रजिअ शाही, सशस्त्रका एसपी सुरजसेन ओली, जिल्ला प्रहरी कार्यालय प्रमुख एसपी मुकुन्द खड्का, डिएसपी नारायण प्रसाद चिमोरिया, आरडिसीका अध्यक्ष पारस हुसैन, नागरिक समाजका अध्यक्ष जगरनाथ केशरीलगायत जिल्लाभरिका दर्जनौं पत्रकार तथा विभिन्न कार्यालयका प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

# सिमान्तकृत किसानको समस्या सम्बोधन गर्न आग्रह

दिपेन्द्र श्रेष्ठ/मध्यान्ह
काठमाडौं, ९ कात्तिक

लोकतन्त्र र संविधानको रक्षाको लागि वृहद नागरिक अभियानले नेपालमा किसानहरुको सुरक्षा र दिगो कृषि प्रणालीका सवालहरु विषयक भर्चुअल कार्यक्रम सम्पन्न गरेको छ। सो संस्थाले स्वतन्त्र र खुला संजालको रुपमा काम गर्दै देशका विभिन्न जल्दोबल्दो सवालहरुमा संवाद कार्यक्रमहरु गर्दै आइरहेको छ।

नेपालमा किसानको सुरक्षा र दिगो कृषि प्रणाली सवालहरुको सम्बोधन कसरी हुन सक्छ भन्ने विषयमा विभिन्न सामाजिक अभियन्ता, अधिकारकर्मी तथा पेशाकर्मीहरुले आ-आफ्नो धारणा व्यक्त गरेका थिए।

कार्यक्रममा कन्चनपुरबाट अनिता बोहराले अविरल वर्षाले विभिन्न कृर्षिजन्य सामग्रीहरु नष्ट भएकोले सरकारको प्रति हेक्टर ५ सय क्षतिपुर्तीले नपुग्ने बताइन्।

सरकारले क्षतिपूर्ती भन्दापनि सिमान्तकृत किसानहरुको प्रबल समस्याको रुपमा देखापरेका चुनौतीहरुलाई सम्बोधन गर्न आग्रह गरिन्।

संवाद कार्यक्रममा कृषकका सवालहरु, जलवायु तथा प्रर्यावरण समस्याले किसानमा पारेको समस्या, भूमण्डलीकरण र नव उदारवादी व्यवस्थाले वास्तविक साना किसानहरुलाई पारेको प्रभाव र तिनको दिगो समाधानका उपायहरु बारे केन्द्रित भएर विचार आदनप्रदान गरिएको थियो।

कार्यक्रममा राष्ट्रिय कृषक समुह महासंघका रिता बस्ताकोटी, किसान अधिकारकर्मी प्रमेस पोखरेल, बलमायाँ विश्वकर्मा र प्रोफेसर कपिल श्रेष्ठले आ-आफ्नो धारण व्यक्त गरेका थिए। कार्यक्रममा संयोजक दया सागर श्रेष्ठले सहजिकरण गरेका थिए।


**कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०७/१०

यस कम्पनीको मिति २०७८/०६/०६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय वमोजिम साविकको कम्पनीको नाम **बिट्स कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. दर्ता नं. २४८१०६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्ने पर्ने कर, दायित्व आदी परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/१० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **बिट्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. प्रा.लि.** कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१०

यस कम्पनीको मिति २०७८/०७/०६ मा सम्पन्न वाषिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **रकेट क्लिनिङ्ग सर्भिसेस एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. २४८४३६)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०७/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रकेट क्लिनिङ्ग सर्भिसेस एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/११/०४ मा दर्ता भएको **प्रा.लि. नं. १३२४७०** को **सबाना होल्डिङ्गस् एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७१/०८/२९ मा दर्ता भएको **प्रा.लि. नं. १२९५६३** को **बुद्ध मेटल एण्ड सोलार प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७८/०७/१०

यस कम्पनीको मिति २०७८/०५/२८ मा सम्पन्न वार्षिक/विशेष विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **उपमा डिजिटल प्रा.लि. (प्रा.लि. नं. १११९०३)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/०६ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गुराँस मूभिज प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## साउदीमा रोजगार

१. कम्पनी : LUJAIN AL GHARBIA FURNISHED UNITS APARTMENTS — शहर : Jeddah
पूर्व स्वीकृत मिति: २०७८/०५/१० — चलानी नं.: ६०१६१९५६ — LT. No.: 244210 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Room Services | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : NAQEL EXPRESS LOGISTICS WITH CARE — शहर : SAUDI ARABIA
पूर्व स्वीकृत मिति: २०७८/०१/१६ — चलानी नं.: ६०१५८१९९ — LT. No.: 240062 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : ASDAA AL KHALEEJ CONTRACTING ES — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०१/१० — चलानी नं.: ६०१५७८६५ — LT. No.: 239591 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Torrential driver | 2 | 0 | | 1800 | ५७,५१० | | | | | | | |

४. कम्पनी : INDUSTRIAL COMPANY FOR CASTING AND SANITARY FITTINGS — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०५/०९ — चलानी नं.: ६०१६१९१० — LT. No.:244188 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 10 | 0 | स. काममा दक्ष | 1150 | ३६,७४२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AJWA GULF TRADING COMPANY — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०६/१७ — चलानी नं.: ६०१६४७१३ — LT. No.: 247499 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 7 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: ATALLAH MANEH AL-MUTAIRI TRANSPORT CORPORATION — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४६ — LT. No.: 249293

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: MOHAMMED MOHAMMED AL-RASHED TRADING AND CONTRACTING COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४४ — LT. No.: 249367

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

८. कम्पनी: OSS ALQAHWA ESTABLISHMENT SPECIALIZED IN SERVING DRINKS — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४५ — LT. No.: 249294

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

९. कम्पनी: LUXURY APARTMENTS FOR FURNISHED APARTMENTS — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४७ — LT. No.: 249368

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | HOTEL ROOM SERVICE | 5 | 0 | स. काममा दक्ष | 1200 | ३८,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१०. कम्पनी: NASSER SAFAR BIN SAFAR AL-SHALAWI FACTORY FOR INDUSTRY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४८ — LT. No.: 249369

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

११. कम्पनी: YARA MOON TRADING EST — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४३ — LT. No.: 249295

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१२. कम्पनी : HASSAN AL ABDULAAL TRADING EST — शहर : KSA
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३४९ — LT. No.: 249370

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,९५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१३. कम्पनी : SALEH ALI AL-ASKAR CONTRACTING EST — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३५० — LT. No.: 249371

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pan Road Machinery Driver | 4 | 0 | स. काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१४. कम्पनी : AL MUZAHIMIYAH STAR CAFE TO SERVE DRINKS — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३५१ — LT. No.: 249372

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee and Tea Maker and More | 1 | 0 | स. काममा दक्ष | 1400 | ४४,७३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

१५. कम्पनी : MUSLIM BIN FAHD BIN MUSLIM AL DOSSARY EQUIPMENT RENTAL ES — शहर : SAUDI
पूर्व स्वीकृत मिति: २०७८/०७/०९ — चलानी नं.: ६०१६६३५२ — LT. No.: 249373

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | pan road machinery driver | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Truck Driver | 8 | 0 | | 1800 | ५७,५१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ कात्तिक १७ गते (3 November 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
